# CHAUTARA SANGCHOKGADHI MUNICIPALITY
## Office Of The Municipal Executive
## Chautara, Sindhupalchok

## INVITATION FOR ELECTRONIC SEALED QUOTATION

Invitation for Electronic Sealed Quotation for the Construction of Rigid Pavement Works In Patlepani Gate To Gaurati Temple Road Chainage Package III,CSGM-6
Contract Identification No: CSGM/NCB/WORKS-46/076-77
**Date of publication: 2077/02/25(07-06-2020)**

1. The Chautara Sangachokgadhi Municipality Office ,Chautara, Sindhupalchok invites Electronic sealed quotation from the Eligible Bidders for construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (With VAT) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/WORKS-46/076-77 | Rigid Pavement Works In Patlepani Gate To Gaurati Temple Road Chainage Package III | 1,999,036.74 | 50,000.00 | Rs.1,000 | 2077/03/08 (22-06-2020) at 12:00 hrs | 2077/03/08 (22-06-2020) at 13:00 hrs |

2. Interested Eligible Bidders may obtain further information at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara,Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np.or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Chautara Branch
   Name of Office: ChautaraSangachokgadhi Municipality
   Account Number(Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001
   Dharauti Khata No. 05703000003000000001
   Office Code No: 23-365-14
4. Electronic sealed bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
5. Sealed Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs. **50,000.00** which shall be valid for 30 days beyond the validity period of the bid .
6. Sealed Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in ChautaraSangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**

**कोरोना भाइरसबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं**




सुशिलबहादुर माझी (वडाध्यक्ष, वडा नं ११)
चौतारा साँगाचोकगढी नगरपालिका

कोरोना भाइरस (COVID) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सिमावर्ती क्षेत्रमा आवजावत नगर्नुहुन सम्पुर्ण नेपाली नागरिकहरूमा सुचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सुचना तथा प्रशारण विभाग

# वान हर्ट वर्ल्ड वाइडले गर्यो स्वास्थ्य कार्यालयलाई स्वास्थ्य सामाग्री सहयोग

लोकप्रिय समाचार

**चौतारा**

सिन्धुपाल्चोक जिल्लामा नवजात शिशु र आमाको स्वास्थ्यको विषयमा काम गरिरहेको संस्था वान हर्ट वर्ल्ड वाइडले सिन्धुपाल्चोकका सवै स्वास्थ्य सस्थाहरुमा स्वास्थ्य सामाग्री सहयोग का लागि स्वस्थ्य कार्यलाय मा पिपिइ समाग्री प्रादन गरेको छ ।

जिल्लाका सवै पालिका भित्रका स्वास्थ्य सस्था, बर्थिङ सेन्टर तथा पालिकाका क्वारेन्टाइनहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्रीहरु स्वास्थ्य कार्यलय मार्फत हस्तान्तरण गरिएकोहो ।

करिव ९ लाख १४ हजार ८ सय ३१ रुपैया बराबरका स्वास्थ्य सामाग्रीहरु आवश्यकताका आधारमा जिल्ला भित्रका सवै स्वास्थ्य सस्था र बर्थिङ सेन्टरहरुलाइ छुट्टा छुट्टै प्याकेट बनाइ एकमुष्ट हस्तातरण गरिएको हो ।

वानहर्टले सन् २०१५ पछिका ४ वर्ष नवजात शिसु मातृमृत्युदर घटाउन सिन्धुपाल्चोक जिल्लामा सवैजसो स्वास्थ्यसस्थासंग जोडिएर आमा र नवजात शिसुको क्षेत्रमा काम गरेको थियो ।

वान हर्टले जिल्ला भित्रका बर्थिङ सेन्टरहरुमा भौतिक पुर्वाधारहरु निर्माण गर्नुका साथै गाउँपालिकामा भिडियो एक्सरे मेसिन र जिल्ला अस्पताल मा फोटोथेरापी मेसिन पनि प्रदान गरेको छ ।

# आधुनिक खेती.......

लगाउँदैछन् । यिनैको पछि लागेर सरकारसहित आफूलाई बुझक्कड ठान्ने सबै खेतीपातीलाई व्यापारिक बनाउन हौसिएका छन् । मूल कुरा खानाका लागि खेतीपाती गर्नुपर्ने मूल मर्म बिर्सेर कृषि आधुनिकीकरणको रट लगाउँदै बिचौलिया पोस्ने गरेका छन् । यो सबैतिर विकराल छ र हामीकहाँ भएको पनि यही हो ।

वास्तवमा खाना महँगो हुँदै अभाव हुनुको कारण उत्पादन मात्र हैन । सँगै अहिलेको खाद्यको सङ्कट यसको वितरण, खेतीपाती गर्ने जमिनको प्रयोग अन्य प्रयोजनका लागि भएर हो । खासगरी, मासुजन्य पाल्तु वस्तुभाउका लागि चाहिने दाना उत्पादन गर्न र खनिज तेलको विकल्पका नाममा यन्त्र चलाउन आवश्यक तेल उत्पादन गर्न व्यापारिक अतिक्रमण भएर यस्तो भएको हो । भनिन्छ, अहिले ब्राजिल र अमेरिकाको २५ प्रतिशत खेतीयोग्य जमिन यस्तो जैविक तेल बनाउन प्रयोग भएको छ ।

सँगै खेतीपाती गर्न जमिन कब्जा गर्ने होडबाजी चलिरहेको छ । योसँगै अहिले खानेकुरा फलाउन चाहिनेभन्दा यसबाट बिरामी भएकालाई बचाउन भन्दै औषधि र अन्य सेवाबापत तीनगुणा बढी खर्च गरिँदैछ । त्यति मात्र हैन खानेकुरा उत्पादनका लागि गरिएको खर्चको हाराहारीमा लागू पदार्थ, रक्सी र चुचोट उत्पादनको खर्च छ । यस्ता कुराले खानेकुराको सङ्कट झनै गहिरो हुँदै गएको छ । तर यसको दोष किसानको निर्बाहमुखी खेतीपातीलाई लगाएर दलाल र बिचौलियाले गरेको यस्तो व्यापारिक खेतीपातीको प्रवर्द्धनको दुष्प्रभाव ढाकछोप गर्ने प्रयत्न गरिँदै छ ।

**महामारी, खाद्य सङ्कट र समाधान**

मानव सभ्यताको इतिहासमा मानवीय उन्नति र प्रगतिका उतार चढावका घटना, परिघटना, यिनका सफलता र असफलताले निम्त्याएका यस्ता संकटहर धेर छन् । मानव समुदायले मुख्यत गाई र गहुँको रेखदेख गर्न घरपालुवा भएर बस्ती बसाउन थालेसँगै यस्ता सङ्कटको सामना निरन्तर गर्नु परेको छ । अहिलेको जस्तो भाइरस र सूक्ष्म जीवाणुका वरिपरि हुने महामारी होस् या पृथ्वीको गर्भमा हुने या बह्माण्डमा हुने प्राकृतिक उथलपुथलले ल्याउने यस्ता सङ्कटहरुको प्रत्यक्ष प्रभाव खानेकुराको जोहो गर्ने कुरासँग जोडिने गरेका छन् । प्रकृति र वातावरण विनाश, प्रकृतिसँग मेल नखाने संरचना र यसलाई विषाक्त बनाउने गतिविधि बढ्दै जाँदा यस्ता सङ्कट निरन्तर बढिरहेका छन् ।

अहिले खाना र खेतीपाती जटिल बन्दै गएको छ । खानेकुरा कृत्रिम रसायन र विषादीमा आधारित बनाउँदै लानाले मानिस र माटोको स्वास्थ्यको जोखिम बढाएको छ । यसलाई प्रकृति प्रदत्त बनाउनेतर्फ लाग्ने आधारहरु तयार गर्नु आवश्यक छ । अहिले टाउकाले टेकेको कृषि व्यवसायलाई खुट्टाले टेकाउन सक्षम बनाउनु अहिलेको साझा उद्देश्य हो ।

यसको एक मात्र समाधान जैविक खेतीपाती हो, यसको विकल्प छैन । प्रकृतिको भरिपूर्णताको पुनरुत्पादन क्षमता नबुझी जैविक खेतीको मर्म र यसको अभ्यास बुझिँदैन । यो मर्म बच्चा जन्माउने र हुर्काउने आमाहरुले जति कसैले बुझेका हुँदैनन् । सदियौँदेखि यिनैका सिर्जनाले श्रमिक किसान र तिनका परिवार प्रकृतिको यो ज्ञान भण्डारको समग्र विश्वविद्यालय चलाउँछन् ।

यिनैका खोज, परीक्षण र अनुभवका सारले हाम्रो स्वस्थ्य खानेकुराको जग टिकेको छ । तर अहिले हाम्रो समाजमा तिनै सृष्टि थाम्ने आमाहरु सबैभन्दा उपेक्षित छन् । सँगै यसमा ऊर्जा थप्ने बलिया पाखुरा भएका युवा खेतीपाती दुःखको पेसा भन्ने कुराबाट दीक्षित हुँदै यसबाट बाहिरिन बाध्य भएका छन् । तर यी दुवैको उपेक्षा गर्नेहरू लाल बुझक्कड बनेर पैसा फलाउने र यही खाने सपना बाडेर कृषिलाई आधुनिकीकरण गर्ने पाठ घोकाउँदै अलमल्याई रहेका छन् र हाम्रो खाद्य सङ्कटलाई झनै गहिरो र पेचिलो बनाउँदै छन् ।

यही उपनिवेशी ज्ञानमा आधारित प्रकृति वातावरण र मानव स्वास्थ्यको विवेक गुमाएका विज्ञहरु औधोगिकीकरण, यान्त्रीकरण, आधुनिकीकरण भन्दै बरबराउँछन् । यान्त्रिक मानिसले जस्तै यिनले भावविहीन लयमा कृषि सपार्ने विवेक शून्य विज्ञता बारबार दोहोर्याउँछन् । यिनैले पश्चिमी ज्ञानले दीक्षित विकासेबाट सापटी लिएका तथाकथित ज्ञानका आधारमा कृषि सपार्ने नीति, कार्यक्रम बनाउँछन् । खेतीपातीबाट घर बार चलाउन बनाउन सकिन्छ कि भनेर यिनैका पछि लाग्न बाध्य साना र श्रमिक किसान यसबाट कुनै निकास निस्कने नदेखेर सहरको बाटो हुँदै लाखौंको सङ्ख्यामा मुग्लान भासिएका हुन् ।

**अबको बाटो**

अहिले खाना र खेतीपाती जटिल बन्दै गएको छ । खानेकुरा कृत्रिम रसायन र विषादीमा आधारित बनाउँदै लानाले मानिस र माटोको स्वास्थ्यको जोखिम बढाएको छ । यसलाई प्रकृति प्रदत्त बनाउनेतर्फ लाग्ने आधारहरु तयार गर्नु आवश्यक छ । अहिले टाउकाले टेकेको कृषि व्यवसायलाई खुट्टाले टेकाउन सक्षम बनाउनु अहिलेको साझा उद्देश्य हो ।

कृषिलाई सपार्न दीर्घकालीन खेतीपातीका योजना बनाउनु पर्छ, त्यसले माटोदेखि मानिसको स्वास्थ्यलाई समेत जीवन्त बनाउँछ ।

हरेक विहान ४ बजेदेखि बेलुकी ११ बजेसम्म लोकप्रिय रेडियो नेत्रज्योती १०६.६ बाह्रबिसे र लोकप्रिय रेडियो प्लानेट ८९.१ चौतारा, सुन्न नभुल्नुहोला ।

लोकप्रिय नेत्रज्योती सञ्चार समुहको लागि सगुन बस्नेतद्धारा प्रकाशित प्रधान सम्पादक: नेत्रबहादुर बस्नेत सम्पादक : सन्तोषी बस्नेत, कार्यकारी सम्पादक : अर्जुन शर्मा : ९८६०९३५५४८, sharmaarzun02@gmail.com, अतिथी सम्पादक : रूपक पुरी ,बिक्रम सुन्दास बजार व्यवस्थापक: एकराज श्रेष्ठ/ हुकुम लामा (दोलालघाट), कार्यालय : चौतारा साँगाचोकगढी नगरपालिका १४ डडुवा, सिन्धुपाल्चोक email: lokpriyasamachar@gmail.com, basnetnetrakaaji@gmail.com, सम्पर्क : ९८५११०४५४०, ९८५१०३९७४५, ०११६२०२४८, ०११६२००६७ डिजाइन: लोकप्रिय नेत्रज्योति सञ्चार समूह : मुद्रण : सेवा अफसेट प्रेस